# दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः १ संख्याः ६ मितिः १३ पुस, २०७५साल

# भाग-२

दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाद्वारा प्रकाशित

## दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको टोल विकास संस्था संचालन कार्यविधि, २०७५

**प्रस्तावना** : सामूहिक प्रयासमा टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकास, स्थानीय स्तरमा सुशासन प्रर्वद्धन गर्न नगरपालिका तथा नगरोन्मुख वस्तीहरुमा निश्चित भौगोलिक क्षेत्रभित्र रहेका सबै घरधुरी सदस्य रहने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रुपमा रहने गरी तिनै संस्थाहरुबाट सेवा सुविधाको पहुँच बढाउन वाञ्छनीय भएकोले ,

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाले यो कार्यविधि बनाएकोछ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम “दिक्तेल रुपाकोट मझुवागढी नगरपालिकाको टोल विकास संस्था संचालन कार्यविधि, २०७५” रहेको छ ।

ख) यो कार्यविधि दिक्तेल रुपाकोट मझुवागढी नगरकार्यपालिकाको बैठकले पारित गरे पछि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा** :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

क) “टोल विकास संस्था” भन्नाले दफा ४ बमोजिम गठित समितिलाई सम्झनुपर्छ ।

ख) “टोल विकास संस्था कार्यसमिति ” भन्नाले दफा ४ (ख) बमोजिम गठित समितिलाई सम्झनुपर्दछ ।

ग) “साधारण सभा” भन्नाले टोल विकास संस्थाका प्रत्येक घरधुरीबाट प्रतिनिधित्व गर्ने साधारण सदस्य सहितको वार्षिक

भेलालाई जनाउँदछ । सो शब्दले विशेष साधारण सभा र टोल भेला समेतलाई जनाउनेछ ।

घ) “सामुदायिक विकास अभियान ” भन्नाले परिश्रम, स्वयंसेवा, सहकार्य र ईमान्दारिताका मूल्य र मान्यतामा आधारित अभियान कार्यक्रम भन्ने बुझाउँदछ ।

ङ) “पूर्ण सरसफाइ उन्मुख अवस्था” भन्नाले सफा र स्वच्छ, पूर्ण सरसफाइ उन्मुख दुवै चरणका सूचकहरु पुरा गरेपछि सम्बन्धित समितिबाट अनुमोदन एवं प्रमाणीकरण भएको अवस्थालाई जनाउँदछ ।

च) “सामाजिक समावेशीकरण” भन्नाले समुदायका सबै लिङ्ग, जात, जाति, वर्ग, धर्म, व्यवसाय र सबै क्षेत्रका व्यक्तिको पहुँच रहेको अवस्था बुझाउँदछ ।

## परिच्छेद २
## टोल विकास संस्थाको उद्देश्य र संस्थाको गठन

**३. उद्देश्यः** टोल विकास संस्थाको उद्देश्य देहाय बमोजिम रहेकाछन्ः

क) टोल वस्ती स्तरमा विभिन्न निकायहरुबाट प्रवाह हुने सेवामा टोलवासीको पहुँच अभिबृद्धि गर्ने,

ख) टोलवासीहरुमा उद्यमशिलताको विकास गराई टोल स्तरमा लघुउद्यमको सृजना, विकास र प्रवर्द्धन गर्ने,

ग) टोल वस्ती स्तरमा समानता र समताको भावना जागृत गराउने, आपसी सदभाव, समझदारी, समन्वय र मेलमिलाप कायम गराउने,

घ) आर्थिक सामाजिक सवालमा सबै टोलवासीहरुलाई निर्णय प्रक्रियामा समान अवसर र अधिकार प्रदान गर्ने,

ङ) टोलको सामाजिक कार्यमा पारदर्शिता कायम गरि सुशासनलाई बढवा दिने,

च) टोल वस्तीस्तरमा सबै संस्थाहरुको प्रवेशद्धारको रुपमा टोल विकास संस्थालाई विकास गर्दै विभिन्न निकायहरुबाट संचालन हुने विकास कार्यमा सहयोग गर्ने,

छ) टोल विकास संस्थाहरुले सहभागितात्मक योजना तर्जुमा, अनुगमन एवम् मूल्याङ्कन प्रक्रियामा सहयोग पुऱ्याउने,

ज) टोलका सदस्यहरुको गरिबीलाई नेपाल सरकारले तोकेको आधारमा वर्गीकरण गरी तिनिहरुको अभिलेख तयार गर्ने,

झ) टोलको समग्र विकास लगायत सामुदायिक विकास अभियानका कार्यक्रम कार्यान्वयनको लागि सक्रिय हुने,

ञ) वातावरण संरक्षण तथा सरसफाई, बालमैत्री नगर/वडा घोषणा, प्राङ्गरिक खेती बिस्तार, नश्ल सुधार,उद्यमशिलता विकासका अभियान संचालन गर्ने,

ट) टोल विकास संस्थामा रहेका सामुदायिक, सार्वजनिक स्थल, सम्पत्तिहरुको संरक्षण संवर्द्धन गर्ने ।

**४. टोल विकास संस्थाको गठनः** टोल विकास संस्था देहाय बमोजिम गठन हुनेछः

क) नगरपालिका क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ । सामान्यतया निश्चित भौगालिक क्षेत्रको टोलमा न्युनतम ३० घरधुरी नभएसम्म सो टोलमा टोल विकास संस्था गठन गर्न सकिने छैन तर कुनै निश्चित भौगोलिक क्षेत्रको टोलमा १०० भन्दा बढी घरधुरी भएको हकमा न्युनतम १०० घरधुरी कायम गरी बढी हुने न्यूनतम घरधुरी संख्या (३०) लाई आधार मानेर

मात्र अर्को टोल विकास संस्था गठन गर्न सकिनेछ । टोल विकास संस्था गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधुरीलाई एक घर एक सदस्यको रुपमा समेटनु पर्नेछ । सो सम्भव नभए कम्तिमा ८०% घरधुरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ । महिला सहभागिता हुन सक्ने अवस्थामा टोल विकास संस्थामा सहभागी भएका मध्ये न्यूनतम ५०% महिला आबद्ध गराउनु पर्नेछ ।

ख) पहिलो पटकका लागि टोल विकास संस्था गठन गर्दा समुदायको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्य गरी अधिकतम ११ सदस्यीय एक कार्य समिति गठन हुनेछ । उक्त कार्य समितिमा न्यूनतम ३३ प्रतिशत महिलाको प्रतिनिधित्व गराउनु पर्नेछ ।समितिमा यथासंभव सबै वर्ग र समुदायको सामाजिक समावेशीकरण हुनेगरी प्रतिनिधित्व गराउनु पर्नेछ ।

ग) कार्य समितिका सदस्य बाहेक सम्वन्धित टोलका टोल विकास संस्थामा आबद्ध भएका सबै घरधुरी संस्थाका साधारण सदस्य हुनेछन् ।

घ) टोल विकास कार्य समितिको पदावधि २ वर्षको हुनेछ । साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट नेतृत्व परिर्वतन हुनेछ।एक पटक अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष भएको व्यक्ति लगातार दोश्रो कार्यकालको लागि निर्वाचित हुन सक्ने छैन।कार्यसमितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ ।

ङ) निवर्तमान अध्यक्षको संयोजकत्वमा ३ सदस्यीय सल्लाहकार समितिको गठन गरिनेछ ।सल्लाहकार समितिको संयोजक टोल

विकास कार्य समितिको बैठकमा आमन्त्रित सदस्यको रुपमा सहभागी हुनेछ ।

च) टोल विकास संस्थाको व्यवस्थापन ढाँचालाई स्पष्ट पार्ने (अनुसूचि १) मा उल्लेखित नमूना विधानका आधारमा टोल विकास संस्थाको विधान तयार गर्नुपर्नेछ ।

## परिच्छेद ३
## टोल विकास संस्था दर्ता प्रक्रिया, काम कर्तव्य र अधिकार

**५. टोल विकास संस्था दर्ता प्रक्रियाः** टोल विकास संस्थाको दर्ता देहाय बमोजिम हुनेछः

क) टोल विकासको आम भेलाबाट सर्वसम्मत निर्णय गराई तदर्थ कार्य समिति बनाई अनुसूची १ बमोजिमको संस्थाको विधान र सम्वन्धित वडा कार्यालयको सिफारिस सहित नगरकार्यपालिकाको कार्यालयमा निवेदन पेश गर्नु पर्नेछ ।

ख) वडा कार्यालयको सिफारिश साथ पेश हुन आएको टोल विकास संस्था निवेदन उपर आवश्यक जाँचबुझ गरी नगरकार्यपालिकाले दर्ता गरी अनुसूची ३ बमोजिमको टोल विकास संस्था दर्ता प्रमाणपत्र प्रदान गर्नेछ ।

ग) टोल विकास संस्थाले यस कार्यविधि बमोजिमका उद्देश्य विपरित वा संस्थाको विधान विपरित कुनै काम गरेमा वा प्रचलित कानूनले गर्न नपाउने कार्य गरेमा वडा समितिको सिफारिसमा नगरकार्यपालिकाले टोल विकास संस्थाको दर्ता खारेज गर्न सक्नेछ। दर्ता खारेज भएको ३० दिन भित्र सो स्थानमा नयाँ टोल विकास संस्था गठन गर्नु पर्नेछ ।

**६. टोल विकास संस्थाको काम कर्तव्य र अधिकार** : टोल विकास संस्थाले आफनो टोल क्षेत्रको समग्र विकास र सदस्यहरुको हितका लागि देहायका कार्यहरु गर्नेछन्:

क) टोलमा धनी गरीबको भावना हटाई सबै सदस्यहरुलाई निर्णय प्रक्रिया र श्रोतमा समान अधिकार प्रदान गर्ने,

ख) विभिन्न सरकारी एवं गैर सरकारी निकायहरुसँग सुमधुर सम्बन्ध स्थापित गरी टोलको विकासको लागि सहजीकरण गर्ने,

ग) टोलमा उद्यम विकाससँग सम्बन्धित योजनाहरु संचालन गर्न आवश्यक सहजीकरण गर्ने,

घ) टोलको विकासका लागि विभिन्न श्रोतबाट प्राप्त श्रोतको उच्चतम् सदुपयोग गर्ने,

ङ) टोलको सामूहिक समस्या पहिचान गरी प्राथमिकताका आधारमा टोल विकास योजना तर्जुमा गर्ने,

च) पूर्ण सरसफाई उन्मुख अवस्था, एच.आई.भि/एड्स, अन्धविश्वास, बालविवाह, बहुविवाह जस्ता सामाजिक समस्याको पहिचान गरी सुधारका कार्यक्रमहरु संचालन गर्ने,

छ) टोलको आर्थिक तथा सामाजिक तथ्याङ्क अध्यावधिक गर्न सूचना अभिलेख गर्ने,

ज) सहभागितात्मक योजना तर्जुमा गर्दा प्राथमिकताको आधारमा आयोजनाहरुको पहिचान गरी वडामा सिफारिश गर्ने,

झ) टोलमा विभिन्न सरकारी तथा गैर सरकारी संस्था मार्फत हुने कार्यक्रमहरु टोल विकास संस्था मार्फत संचालन हुने वातावरण सिर्जना गर्ने,

ञ) आफ्नो वडा तथा टोललाई सामुदायिक विकास अभियानसंग सम्बन्धित स्वास्थ्य तथा वातावरणमैत्री, बालमैत्री, प्राङ्गारिक खेती विस्तार, नक्ष्ल सुधार, उद्यमशिलता बनाउने कार्यक्रमहरु संचालन गर्ने,

ट) टोलमा भवन निर्माण मापदण्ड, समाजिक सुरक्षा भत्ता आदि सामाजिक सरोकारका विषयमा चेतनामूलक कार्यक्रम संचालन गर्ने,

ठ) टोलमा रहेका सार्वजनिक, ऐलानी जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने,

ड) नगरपालिकाको राजश्व परिचालनका लागि तथा नगरपालिकाले संचालन गरेका विभिन्न अभियानमा सहयोग गर्ने,

ढ) संस्थामा प्राप्त रकमको संस्थाको नीति बमोजिम रकम खर्च गर्ने र संस्थाको लेखा चुस्त दुरुस्त राख्ने र लेखा परिक्षण गराउने,

ण) नगरपालिकासँग भएको साझेदारी अनुसार आवश्यक अन्य कार्य गर्ने।

## परिच्छेद ४
## टोल विकास समितिको बैठक

**७. टोल विकास कार्य समितिको बैठकः** टोल विकास कार्य समितिको बैठक व्यवस्थापन देहाय बमोजिम हुनेछ :

क) टोल विकास संस्थाका सदस्यहरुको हित एवं समन्वयका लागि टोल विकास संस्थाको कार्य समितिको बैठक एक महिनामा कम्तिमा १ पटक बस्नेछ ।

ख) समितिको बैठकमा आवश्यक्ता अनुसार सरोकारवालालाई आमन्त्रित गर्न सकिनेछ ।

ग) कार्यसमितिमा ५१ प्रतिशत सदस्यहरु उपस्थित नभएमा बैठकको गणपुरक संख्या पुगेको मानिने छैन ।

घ) बैठकमा बहुमतको निर्णय मान्य हुनेछ ।

ङ) अध्यक्षता गर्ने व्यक्तिले मत वरावर भएमा मात्र आफ्नो मत राख्न पाउनेछ ।

च) सचिवले संस्थाको बैठकको निर्णयहरु बैठक पुस्तिकामा लेखी प्रमाणित गराउनु पर्नेछ ।

छ) टोलभेला वा साधारण सभा वा विशेष साधारण सभा संचालन गर्दा तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको कम्तिमा दुई तिहाई उपस्थितिमा प्रमाणित भएको हुनुपर्नेछ ।

## परिच्छेद ५
## आर्थिक व्यवस्थापन

**८. आर्थिक व्यवस्थापनः** संस्थाको आम्दानी, खर्च, नाफा, लेखा, लेखा परिक्षण लगायत आर्थिक व्यवस्थापन देहाय बमोजिम हुनेछः

**१) टोल विकास संस्थाको आम्दानीः**

क) विभिन्न सरकारी तथा गैर सरकारी निकायहरु, विभिन्न सामुदायिक संस्था तथा व्यक्तिहरुबाट प्राप्त हुने सहायता र अनुदानबाट प्राप्त रकम,

ख) टोल विकास संस्थाले आयमूलक कार्यहरु संचालन गरी प्राप्त हुने रकम,

ग) टोल विकास संस्थाको नाफाबाट प्राप्त समितिको निर्णयानुसार प्राप्त हुने रकम,

घ) संस्थाले अन्य श्रोतबाट जम्मा गरेको रकम।

**२) खर्च प्रणालीः**

क) संस्थाको विकास निर्माणको लागि टोल विकास कोषको रकम संस्थाको निर्णय अनुसार खर्च हुनेछ ।

ख) संस्थाको संचालन, व्यवस्थापन र लेखा परिक्षणका लागि गर्नुपर्ने खर्चहरु टोल विकास संस्थाको नीति अनुसार खर्च हुनेछ ।

**३) नाफाः**

क) टोल विकास संस्थाले आर्जन गरेको आम्दानीबाट खर्च कटाई बाँकी रहेको रकम संस्थाको नाफा मानिनेछ ।

ख) नाफाको कम्तिमा २ प्रतिशत रकम टोलको पूर्वाधार र सामाजिक क्षेत्रको विकासका लागि खर्च गर्नु पर्नेछ ।

**४) लेखा व्यवस्थापनः** संस्थाको लेखा व्यवस्थापन देहाय बमोजिम हुनेछः

क) कोषाध्यक्षले सबै प्रकारको नगदी तथा जिन्सी आम्दानी, सम्पूर्ण विकास खर्चको विवरण, संस्थाको संचालन तथा व्यवस्थापनमा भएको प्रशासनिक खर्चहरुको स्पष्ट लेखा राख्नुपर्दछ ।

ख) कोषाध्यक्षले राखेको आम्दानी खर्चको हिसाब टोल विकास संस्थाको बैठकमा पेश गर्नुपर्दछ ।

ग) लेखा परिक्षण गराउनु अघि अनिवार्य सामाजिक परिक्षण गराउनु पर्नेछ ।

**५) लेखापरीक्षणः** संस्थाको लेखापरीक्षण देहाय बमोजिम हुनेछ ।

क) संस्थाले रजिष्टर्ड लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ ।

ख) संस्थाले आफनो वार्षिक लेखापरीक्षणको प्रतिवेदन नगरपालिकामा समेत पेश गर्नुपर्नेछ ।

## परिच्छेद ६
## पुरुस्कार, अनुगमन र मूल्याङ्कन

**९. पुरस्कार, सम्मान र कदरः** टोल विकास संस्थाका व्यक्ति वा संस्था आदिलाई समुदायको विकासमा उत्कृष्ट कार्य गर्नेलाई वडा समिति वा नगरपालिकाले सम्मान एवं पुरस्कृत गर्न सकिनेछ ।

**१०. अनुगमन तथा मूल्याकंनः**

क) वडा समितिले आफ्नो क्षेत्र भित्रका टोल विकास संस्थाको नियमित रुपमा अनुगमन गरी प्राप्त कमी कमजोरीहरुको सुधारका लागि सुझावहरु दिन सक्नेछ ।

ख) नगरपालिकाले समग्र नगर क्षेत्रभित्रको टोल विकास संस्थाहरुको आवश्यकता अनुसार अनुगमन गर्नुका साथै वडा समिति वा टोल विकास संस्थाहरुलाई निर्देशन, सुझाव र पृष्ठपोषण गर्न सक्नेछ ।

## परिच्छेद ७
## संशोधन र वचाउ तथा खारेजी

**११. संशोधनः** यस कार्यविधिलाई व्यवस्थित र प्रभावकारी रुपमा कार्यान्वयन गर्न आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन वा खारेज गर्न सक्नेछ ।

**१२. बचाउ तथा खारेजीः** यस कार्यविधिमा व्यवस्था भएका कुराहरु, स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

## अनुसूची - १

### ............................ टोल विकास संस्थाको विधानको नमूना

**प्रस्तावना** :

स्थानीय रुपमा उपलब्ध श्रम, सीप र साधन तथा अवसरहरुलाई अधिकतम परिचालन गर्दै नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रुपमा विकसित गरी गरिवी न्यूनीकरणका प्रयासमा ठोस योगदान, सहभागितामूलक योजना तर्जुमा गर्ने तथा आफनो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न यो ....................... टोल विकास संस्थाको स्थापना गरी संचालन गर्न वाञ्छनीय भएकोले यो विधान बनाईएको छ ।

**१. प्रारम्भिक** :

**संक्षिप्त नाम र प्रारम्भ**

(क) यो विधान ..................... टोल विकास संस्थाको विधान हुनेछ।

(ख) यो संस्थाको नाम ................. हुनेछ।

(ग) यो विधान ...................... टोल विकास संस्थाको साधारण सभाबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

(घ) यस संस्थाको कार्यालय ................... मा हुनेछ।

(ङ) यस संस्थाको सिमाना देहाय बमोजिम हुनेछ:

पूर्व ........................ पश्चिम ........................

उत्तर ................... दक्षिण ........................

**२. परिभाषा** :

विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :

१. "संस्था" भन्नाले ................ टोल विकास संस्थालाई सम्झनु पर्दछ ।

२. "विधान" भन्नाले टोल विकास संस्थाको विधानलाई सम्झनु पर्दछ ।

३. "साधारण सभा" भन्नाले संस्थाको साधारण सदस्यको भेलालाई सम्झनु पर्दछ ।

४. "समिति" भन्नाले टोल विकास संस्थाको कार्यसमिति सम्झनु पर्दछ ।

५. "बैठक" भन्नाले संस्थाको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनु पर्दछ ।

६. "पदाधिकारी" भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यलाई सम्झनु पर्दछ ।

**३. संगठित संस्था हुने** :

क) संस्थाको आफ्नो छुट्टै छाप हुनेछ। साथै संस्थाले व्यक्ति सरह आफनो नामबाट कार्य गर्न सक्नेछ।

ख) अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न सक्नेछ।तर संस्थाले आफ्नो अचल सम्पत्ति विक्रि गर्न भने पाउने छैन।संस्था विघठन भए सो संस्थाको सम्पूर्ण चल अचल सम्पत्ति नगरपालिकामा हस्तान्तरण हुनेछ ।

**४. संस्थाको उद्देश्यहरू:**

क) टोल स्तरमा सक्षम र दिगो स्वायत्त संस्थाको विकास गर्ने।

ख) टोलका ब्यक्तिहरुको आयमा बृद्धि गर्ने कार्यक्रम संचालन गरी गरिवी न्यूनिकरणमा मद्दत पुऱ्याउने।

ग) स्थानीय स्तरको विकास प्रक्रियालाई दिगो र आत्मनिर्भर बनाउन स्थानीय स्तरको समुदायको ब्यक्तिहरुको क्षमता विकास कार्यक्रम कार्यान्वयनमा टेवा पुऱ्याउने।

घ) संस्थाहरुलाई सहभागितात्मक योजना तर्जुमा, अनुगमन तथा मूल्याङ्कन प्रक्रियामा सक्रिय सहभागिता जनाउने ।

## ५. टोल विकास कार्य समितिको गठन :

टोल विकास कार्य समितिको गठन देहाय बमोजिम हुनेछ :

क) नगरपालिकाको निश्चित भौगोलिक क्षेत्रभित्रका टोल तहमा रहेका घरपरिवारका सदस्यहरुबाट टोल विकास संस्थाको गठन गरिनेछ।

ख) पहिलो पटकका लागि टोल विकास संस्थाको व्यापक भेलाबाट अध्यक्ष, उपाध्यक्ष, कोषाध्यक्ष, सचिव र आवश्यक्ता अनुसारको सदस्यहरु रहेको एक टोल विकास कार्यसमिति गठन हुनेछ।दोश्रो पटकको हकमा यस्तो कार्य समिति साधारण सभाको सर्वसम्मत वा सो नभएमा बहुमतबाट पूर्नगठन हुनेछ।टोल विकास कार्य समितिको अवधि २ वर्षको हुनेछ।एकपटक अध्यक्ष, उपाध्यक्ष र सचिव भएको व्यक्ति दोश्रो अवधिको लागि लगातार निर्वाचित हुने सक्नेछैन।कार्य समिति कम्तिमा ५० प्रतिशत सदस्यहरु र अध्यक्ष र कोषाध्यक्षहरु मध्ये कुनै एक जना अनिवार्य रुपमा महिला हुनुपर्नेछ।

ग) टोल विकास संस्थाको गठन गर्दा सकेसम्म टोलका सम्पूर्ण घरधूरीलाई समेट्नु पर्दछ।यदि सो सम्भव नभए कम्तिमा ८० प्रतिशत घरधूरी सहभागी गराई टोल विकास संस्था गठन गरिनेछ।टोल विकास संस्थामा सहभागी भएका सदस्यहरुमध्ये कम्तिमा ५० प्रतिशत महिला आवद्ध गराउनु पर्नेछ।

## ६. संस्थाको कार्यहरु :

टोल विकास संस्थाको कार्यहरु देहाय बमोजिम हुनेछन् ।

१. प्रत्येक टोल स्तरमा सम्भव भएसम्म सबै घरपरिवार सहभागी भएको टोल विकास संस्था गठन गर्ने ।
२. संस्थाको सदस्यहरुलाई उद्यमशिलतातर्फ अग्रसर गराउन आवश्यक पहल गर्ने सोहि बमोजिमको कार्यक्रमहरु संचालन गर्ने ।
३. टोलमा आईपरेको समस्याहरु समाधान गर्न एकअर्कामा भाईचारा सम्बन्ध कायम गरी सभ्य समाजको सृजना गर्ने ।
४. उपलब्ध श्रोतको समुचित परिचालन गर्दै टोलको समग्र विकासका लागि टोल विकास योजना बनाउने ।
५. एच.आइ.भी./एड्स, अशिक्षा, अन्धविश्वास, छाउपडी प्रथा, बालविवाह,वहुविवाह जस्ता सामाजिक समस्याका बारेमा सम्पूर्ण टोल विकास संस्थाको सदस्यहरुलाई चेतना अभिबृद्धि गर्ने ।
६. आफ्नो टोल तथा सार्वजनिक संस्थामा बृक्षारोपण गर्ने ।
७. आफ्नो वडा तथा टोललाई वातावरणमैत्री बनाउने विविध कार्यक्रमहरु संचालन गर्ने।
८. टोलमा बसोवास गर्ने बासिन्दाका बीचमा भवन निर्माण मापदण्ड, सामाजिक सुरक्षा भत्ता लगायतका समाजिक सरोकारका विषयहरुमा विभिन्न चेतनामूलक कार्यक्रम संचालन गर्ने ।
९. वातावरणमैत्री स्थानीय शासनका सूचकहरुको टोलमा कार्यान्वयन गर्ने र नगरपालिकालाई सूचक कार्यान्वयन गर्न सहयोग गर्ने ।
१०. आफ्नो टोल वस्तीलाई नमूना वस्तीको रुपमा विकास गर्न सहयोग गर्ने ।
११. हरित नगर, उज्यालो शहर, सफा शहर र सम्पन्न तथा सभ्य शहर स्थापना अभियानमा सहयोग गर्ने ।

१२. आफ्नो क्षेत्रमा भवन संहिता तथा मापदण्डको कार्यान्वयनमा सहयोग गर्ने ।

१३. पूर्ण साक्षर, पूर्ण खोप, पूर्ण घटना दर्ता आदि कार्यमा नगरपालिकालाई सहयोग गर्ने ।

१४. टोलमा रहेको सार्वजनिक, पर्ति, ऐलानी आदि जग्गाको संरक्षणमा नगरपालिकालाई सहयोग गर्ने ।

१५. संस्थाको अध्यक्ष, कोषाध्यक्ष तथा सचिवको चयन सर्वसम्मतिमा वा सो नभएमा बहुमतमा गर्ने ।

१६. नगरपालिकाको राजस्व परिचालनमा सहयोग गर्ने ।

१७. नगरपालिकासंग भएको समझदारी अनुसारका अन्य कार्यहरु गर्ने ।

**७. सदस्यताः** संस्थाको सदस्यता देहाय बमोजिम हुनेछ :

क) यस विधानको उद्देश्य बमोजिम संस्थाप्रति श्रद्धा र निष्ठा राखी विधानलाई स्वीकार गर्ने स्थानीय टोलबासी यस संस्थाको सदस्य हुनेछ ।

ख) सदस्य बन्ने इच्छुक नयाँ टोलबासीलाई संस्थाले तोकेबमोजिम संस्थामा दरखास्त दिएमा सदस्यता प्रदान गरिनेछ ।

**८. सदस्यता नरहनेः** देहायको कुनै अवस्थामा सदस्यता रहने छैन:

क) सदस्यको मृत्यु भएमा।

ख) सदस्यले दिएको सदस्यता परित्यागको लिखित निवेदन संस्थाले स्वीकृत गरेमा।

तर संस्थाको निर्णय उपर चित्त नबुझेमा साधारण सभामा पेश गर्ने र साधारणसभाको निर्णय अन्तिम हुनेछ।

ग) सदस्यता शुल्क नतिरेको वा संस्थाको निर्णय पालन नगरेमा संस्थाले निर्णय गरी सम्पूर्ण सदस्यलाई जानकारी गराएकोमा।

घ) संस्थालाई हानी नोक्सानी हुने कार्य गरेमा वा नैतिक पतन, आर्थिक अनियमितता वा भ्रष्टचार गरेको अभियोग प्रमाणित भई सजाय पाएको कारण देखाई संस्थाले सदस्यबाट हटाउने निर्णय गरेमा। तर सम्बन्धित सदस्यलाई सफाई दिने अवसरबाट बञ्चित गरिने छैन। यस सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार साधारण सभाको हुनेछ।

ङ) नेपालको प्रचलित कानूनले निषेध गरेको कार्य गरेमा।

**९. संस्था गठन एवं कार्य संचालन गर्ने विधिः**

संस्थाको गठन एवं कार्य संचालन विधि देहाय बमोजिम हुनेछः

क) निश्चित भौगोलिक क्षेत्रका व्यक्तिहरुको सर्वसम्मत निर्णयबाट टोलको क्षेत्र निक्यौंल गरेपछि त्यस टोलभित्र बसोवास गर्ने अधिकांश घरधूरीहरुको उपस्थितिमा संस्था गठन गरिनेछ।

ख) टोल विकास संस्था गठन गर्दा उपस्थित भएको व्यक्तिहरुले गरेको सर्वसम्मत निर्णयको आधारमा आधारमा एक—एक जना अध्यक्ष, कोषाध्यक्ष र सचिव र अन्य घरधूरीहरु सदस्य हुनेछन।

ग) संस्थामा कम्तिमा ५० प्रतिशत महिला सदस्य हुनेछन। अध्यक्ष, कोषाध्यक्ष र सचिवमध्ये कम्तिमा १ जना महिला हुनेछ।

**१०. संस्थाको पदाधिकारीको काम, कर्तव्य र अधिकारः** संस्थाको पदाधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछनः

**क) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

१) संस्थाको नियमित बैठक बोलाउने।

२) बैठकको अध्यक्षता गरी बैठक संचालन गर्ने।

३) बैठकमा अनुशासनको पालना गर्न लगाउने र छलफलका विषयहरु टिपोट गर्ने वा गर्न लगाउने।

४) छलफल हुदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गर्ने।

५) निर्णयहरु लागू गर्ने र गर्न लगाउने।

६) सचिव र कोषाध्यक्षलाई आवश्यक अनुसार सहयोग पुऱ्याउने।

७) संस्थाले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानहरुको सुरक्षाको प्रवन्ध मिलाउने।

८) आवश्यक कार्यमा संस्थाको प्रतिनिधित्व गर्ने वा गराउने।

९) विशेष बैठकहरुको आवश्यकता परेमा सबै सदस्यहरुको सहमतिमा बैठक बोलाउने।

१०) संस्थाको गतिविधिहरु व्यवस्थित गर्न आवश्यकता अनुसार समति तथा उपसमितिहरु गठन गर्ने ।

**ख) उपाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने।

२) अध्यक्षले तोकेको अन्य काम गर्ने।

**ग) संस्थाको सचिवको काम, कर्तव्य र अधिकारः**

१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

२) एक तिहाई सदस्यहरुले विशेष बैठकका लागि लिखित माग गरेमा विशेष बैठक बोलाउने ।

३) बैठक पुस्तिकामा उपस्थिति गराउने ।

४) छलफलको प्रस्तावहरु संकलन गरी बैठकमा पेश गर्ने र बैठकको निर्णय प्रमाणित गराउने ।

५) संस्थाको क्रियाकलापका बारेमा सदस्यलाई जानकारी गराउने ।

६) तोकिएको अन्य कार्य गर्ने ।

**घ) संस्थाको कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

१) संस्थाले गरेको आर्थिक कारोबारको लेखापरीक्षण गराउने ।

२) बैंकमा संयुक्त रुपमा खाता संचालन गर्ने ।

३) अन्य सदस्यहरुसंग समन्वय राखी सहयोग लिने दिने ।

४) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षण गर्ने ।

**ङ) संस्थाको सदस्यहरुको काम, कर्तव्य र अधिकारः**

१) नगरपालिकासंग भएको साझेदारी पत्रमा उल्लेखित शर्त अनुसार गर्नुपर्ने कामहरु गर्ने।

२) संस्थाको हिसावकिताव चेक गर्ने।

३) संस्थाका पदाधिकारीहरुले गरेका कामको मूल्याङ्कन नियमित रुपमा गर्ने।

४) संस्था संचालनका लागि आवश्यकता अनुसार नीति बनाउन सहयोग गर्ने।

५) बैठकमा उपस्थित भई प्रत्येक छलफलमा भाग लिने।

**११. साधारण सभाको गठन र कार्य प्रणालीः**

साधारण सभाको गठन र कार्य प्रणाली देहाय बमोजिम हुनेछः

१) संस्थाको सम्पूर्ण सदस्यहरु रहेको एक साधारण—सभा हुनेछ।

२) संस्थाको साधारण सभाको अध्यक्षता संस्थाको अध्यक्षले गर्नेछ। निजको अनुपस्थितिमा उपाध्यक्ष र निजको पनि अनुपस्थितिमा संस्थाको जेष्ठ सदस्यले गर्नेछ।

३) साधारणसभा संस्थाको सर्वोच्च निकाय हुनेछ।

४) संस्थाको साधरणसभा वर्षमा एक पटक वस्ने छ।

**१२. साधारण सभाको काम, कर्तव्य र अधिकारः**

साधारण सभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

१. संस्थाको साधारण सभाको सल्लाह प्राप्त गर्न उचित देखी पेश भएका विषयमा सल्लाह दिने।

२. लेखापरीक्षक नियुक्ति गर्ने।

३. संस्थाको लेखापरिक्षकको प्रतिवेदन पारित गर्ने।

४. कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने।

५. कार्य समिति सम्बन्धमा भएका उजुरी पुनरावेदन सुन्ने र निर्णय दिने।

६. संस्थाको विधान संशोधन गर्ने।

७. आवश्यकता अनुसार सल्लाहकारको मनोनयन गर्ने।

८. संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने।

**१३.आर्थिक व्यवस्थाः**

१.संस्थाको देहाय बमोजिमको आर्थिक स्रोत हुनेछ

क. सदस्यता बाट प्राप्त शुल्क ।

ख. सरकारी तथा गैरसरकारी संस्थाबाट प्राप्त हुने अनुदान ।

ग. संस्थाको कृयाकलापको सिलसिलामा प्राप्त हुने आय वा पुरस्कार ।

घ. अन्य आम्दानी ।

२. प्रत्येक असार मसान्तमा सम्पूर्ण कारोवारको श्रेस्ता तयार गरी लेखापरीक्षण पश्चात साधारणसभामा प्रस्तुत गर्ने जिम्मेवारी संस्थाको हुनेछ ।

३. संस्थाको नाममा प्राप्त वा खरिद चल–अचल सम्पतिको परिचालन र प्रयोग तोकिए बमोजिम हुनेछ।

**१४. कार्यसमिति तथा पदाधिकारीको राजिनामाः**

१. समितिका सदस्यहरुले आफ्नो पदबाट राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन

२. अध्यक्षले आफ्नो राजिनामा सचिव मार्फत संस्थाको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर संस्थाले निर्णय गरे बमोजिम हुनेछ ।

**१५. कार्य समितिलाई अविस्वासको प्रस्तावः**

कार्य समितिका अध्यक्ष एवं पदाधिकारीहरु उपर अविस्वास लागे यथोचित कारण देखाई संस्थाका ६०% सदस्यहरुले विशेष साधारणसभा राखी अविश्वासको प्रस्ताव पेश गर्न

सक्नेछ। अविश्वासको प्रस्ताव उपर छलफलगरि हुने निर्णयमा बहुमतलाई भन्दा सर्वसहमतलाई बढी जोड दिईनेछ।

**१६. विविधः**

१. विधान संसोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरेपछि साधारणसभामा पेश गरिनेछ। साधारण सभामा उपस्थित सदस्यहरुको दुई तिहाइ बहुमतले विधान संशोधन हुनेछ।

२. प्रचलित ऐन, नियमहरुसंग बाझिएका बुंदाहरु बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

## अनुसूची - २
## टोल विकास संस्था दर्ता गर्ने निवेदनको ढाँचा

मिति—.................

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,**
**दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको कार्यालय**
**दिक्तेल, खोटाङ।**

**विषय — टोल विकास संस्था दर्ता गरि दिने सम्वन्धमा।**

उपरोक्त सम्बन्धमा यस नगरपालिकाद्वारा संचालित वडा नं. ...... को........................... टोलमा गठन गरिएको ..............................टोल विकास संस्थालाई दिक्तेल रुपाकोट मझुवागढी नगर कार्यपालिकाको कार्यालयमा दर्ता गरिदिनुहुन संस्थाको विधान, वडा कार्यालयको सिफारिश र कार्यसमतिका सदस्यहरुको नागरिकता प्रमाण पत्रको फोटोकपी र आम भेलाको निर्णयको फोटोकपी यसै साथ राखी अनुरोध गर्दछु।यस ....................... टोल विकास संस्थाको क्षेत्र निम्न उल्लेखित चार किल्ला भित्र सिमित रहनेछ।

पूर्व सिमाना .........................
पश्चिम सिमाना .......................
उत्तर सिमाना ........................
दक्षिण सिमाना .......................

**निवेदक**

.........................
अध्यक्षको नाम —
टोल विकास संस्थाको नाम —
ठेगाना —

**अनुसूची ३**

**टोल विकास संस्थालाई दिने प्रमाण पत्रको ढाँचा**

दर्तानं..... मितिः

**दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**दिक्तेल, १ नं. प्रदेश**

## प्रमाण—पत्र

खोटाङ जिल्ला दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका वडा नं ......... स्थित ................................................ मा गठन भएको .................................................टोल मिति ..................... मा दर्ता गरी यो प्रमाण पत्र प्रदान गरिएकोछ।यस नगरपालिकाको आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, शहरी विकास र सुशासन लगायतका क्षेत्रमा यस टोल विकास संस्थाको सहभागिताको अपेक्षाका साथै उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

...................................

प्रमुख प्रशासकीय अधिकृत

**प्रमाणीकरण मितिः २०७५।०८।२८**

**आज्ञाले,**

**रेखा पाण्डे के.सी.**

**प्रमुख प्रशासकीय अधिकृत**